// प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) राप्ती उपत्यका (देउखुरी), नेपाल असार २५ गते, २०८२ साल (अतिरिक्ताङ्क ४

भाग १

लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ०३

प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः आर्थिक वर्ष २०८२/०८३ को प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणाली व्यवस्थित गर्दै राजस्व सङ्कलन, बाँडफाँट र राजस्व प्रशासन सम्बन्धी प्रचलित कानुनी व्यवस्थालाई संशोधन गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश आर्थिक ऐन, २०८२"** रहेको छ।

(२) यो ऐनको दफा १३ र १४ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ।

तर प्रदेश तथा स्थानीय तहबाट सङ्कलनको व्यवस्था नभएसम्म सङ्घीय आर्थिक ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐन बमोजिमको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मासिक रूपमा प्रदेश सञ्चित कोष र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) भूमिसुधार तथा मालपोत कार्यालयबाट पारित हुने लिखतमा लिइने रजिष्ट्रेशन शुल्क लगायतको मूल्याङ्कन सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(५) यस दफामा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएका विषयमा भूमि प्रशासन निर्देशिका, २०८१ वा प्रचलित भूमि प्रशासन सम्बन्धी अन्य सङ्घीय कानुन बमोजिम हुनेछ।

३. **सवारी साधन कर, सवारी सम्बन्धी शुल्क, दस्तुर तथा जरिबानाः** (१) प्रदेशभित्र सवारी साधन कर अनुसूची-२ को खण्ड (क) बमोजिम लगाइने र असुल गरिनेछ।

(२) सवारी सम्बन्धी शुल्क, दस्तुर तथा जरिबाना अनुसूची -२ को खण्ड (ख) बमोजिम लगाइने र असुल गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सवारी साधन कर सङ्कलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको दस्तुर, शुल्क र जरिबाना सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सञ्चित कोष र चालीस प्रतिशत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सूत्र बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्नेछ।

(६) प्रदेशभित्र सवारी सम्बन्धी प्रचलित कानुनको उल्लङ्घन गर्ने सवारी तथा सवारी चालकबाट असुल गरिएको दण्ड जरिबाना बापतको रकम सम्बन्धित ट्राफिक प्रहरी कार्यालयले नियमित रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको मासिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(७) यस दफा बमोजिमको सवारी साधन कर, शुल्क, दस्तुर तथा जरिबाना लगायतको प्रशासन प्रदेश सरकारले गर्नेछ।

४. **मनोरञ्जन कर**:(१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची- ३ बमोजिम कर लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको कर सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ र त्यस्तो सङ्कलित कर स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी साठी प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) यस दफा बमोजिमको कर प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(४) करदाताले बुझाउनु पर्ने कर अनुसूची-३ को खण्ड (क) र (ख) को हकमा मासिक रूपमा र खण्ड (ग) को हकमा अनुमति लिँदाको बखत सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको मनोरन्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दस प्रतिशत र सो अवधिभित्र पनि कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसहित त्यस्तो रकम असुल गर्नु पर्नेछ।

५. **विज्ञापन कर:** (१) विज्ञापन सामग्री बापतको कर सम्बन्धित स्थानीय तहले कानुन बमोजिम निर्धारण गरी असुल गर्नु पर्नेछ।

(२) प्रदेशमा रहेका सरकारी, निजी, सहकारी र गैरसरकारी संस्थाले आफ्नो कार्यसँग सम्बन्धित कुनै विज्ञापन सामग्री छापा, विद्युतीय, अनलाइन वा सामाजिक सञ्जाल लगायत सबै प्रकारका माध्यम प्रयोग गरी विज्ञापनको प्रकाशन, प्रसारण वा दुवै गर्दा भुक्तानी गर्नुपर्ने रकममा स्थानीय तहले तोके बमोजिमको दरमा कर कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्नेछ र त्यसरी कट्टा गरिएको कर सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

तर कुनै स्थानीय तहले त्यस्तो प्रसारण वा प्रकाशन गर्दा लाग्ने विज्ञापन कर नतोकेको हकमा सरकारी, निजी, सहकारी र गैरसरकारी संस्थाले पाँच प्रतिशतका दरले यस ऐन बमोजिम विज्ञापन कर कट्टा गरी सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलित करको साठी प्रतिशत स्थानीय सञ्चित कोष र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

६. **कृषि आयमा कर:** (१) कृषि आयमा अनुसूची-४ बमोजिमको कर असुल गरिनेछ।

(२) प्रदेशभित्र कृषिसँग सम्बन्धित वस्तु उत्पादन वा कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह, फर्म वा संस्था लगायतले उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने कर प्रदेश सरकार

अन्तर्गतका कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र स्वयम् आयको घोषणा गरी त्यस्तो आयको आधारमा लाग्ने कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दाखिला गरेको कर कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको कर प्रशासन प्रदेश सरकारबाट हुनेछ।

७. **पर्यटन शुल्क**: (१) कुनै व्यक्ति, संस्था, कम्पनी वा निकायले पर्यटनसँग सम्बन्धित व्यवसायको दर्ता, इजाजतपत्र तथा नवीकरण र पर्यटकीय स्थलमा प्रवेश गर्दा अनुसूची-५ बमोजिम शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क पर्यटन विषय हेर्ने मन्त्रालयले तोकेको निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) प्रदेश सरकारले अन्यथा व्यवस्था गरेकोमा बाहेक स्थानीय तहभित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरे बापत सम्बन्धित स्थानीय तहले कानुन बमोजिम पर्यटन शुल्क लगाई असुल गर्नेछ र त्यस्तो शुल्क स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको शुल्क सम्बन्धी प्रशासन प्रदेश सरकारबाट हुनेछ।

८. **प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्कः** (१) प्रदेशभित्र ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, भस्कट, माटो र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची-६ बमोजिम शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले यस ऐनमा उल्लिखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको आधारमा समेत त्यस्ता वस्तु बिक्री गर्न सक्नेछ।

(३) माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा जस्ता वस्तुको उत्खनन् र दहत्तर बहत्तरको सङ्कलन, प्रशोधन वा बिक्री वितरण गर्दा प्रचलित कानुन उल्लङ्घन गरेको पाइएमा अनुसूची-७ बमोजिम जरिबाना लगाइने र असुल गरिनेछ।

(४) यस दफा बमोजिमको शुल्क र जरिबानाको सङ्कलन सम्बन्धित स्थानीय तहले गरी स्थानीय विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको रकमको साठी प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा दाखिला गर्नु पर्नेछ।

९. **वातावरण तथा औद्योगिकीकरण व्यवस्थापन दस्तुरः** (१) प्रदेशभित्र उत्पादित सिमेन्ट उद्योगबाट निष्कासन गर्दा प्रतिबोरा (पचास के.जी.) मा एक रूपैयाँको दरले वातावरण तथा औद्योगिकीकरण व्यवस्थापन दस्तुर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर र सोको विवरण सिमेन्ट उद्योगले उद्योग रहेको जिल्लास्थित उद्योगसँग सम्बन्धित कार्यालयमा मासिक रूपमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलित रकम प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण मासिक रूपमा तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

१०. **वातावरणीय सेवा शुल्कः** प्रदेशभित्र प्लाष्टिकजन्य वस्तुहरूको प्रयोग गर्ने उद्योगहरुबाट अनुसूची-८ मा तोकिए बमोजिमको दरमा वातावरणीय सेवा शुल्क सम्बन्धित निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

११. **राजस्वको बाँडफाँट र दाखिलाः** (१) यस ऐनमा उल्लिखित दफा २, ३, ४, ५, ७ र ८ को अधिनमा रही प्रदेश र स्थानीय तहको साझा अधिकार भएका कर, शुल्क तथा दस्तुरबाट सङ्कलित राजस्वको रकम प्रदेश तथा स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिम बाँडफाँट गरी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) स्थानीय तहमार्फत सङ्कलन र बाँडफाँट हुने साझा अधिकार भएका कर, शुल्क तथा दस्तुर सम्बन्धित स्थानीय तहले प्रदेशको हिस्सा उपदफा (१) बमोजिम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा सो बराबरको रकम प्रदेश सरकारले स्थानीय तहलाई राजस्व बाँडफाँट गरिने रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

१२. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यस ऐन र अन्य कानुन बमोजिम लगाइएका शुल्क, दस्तुर वा करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क, दस्तुर वा करमा

आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ र त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क, दस्तुर वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क, दस्तुर वा कर रकम असुल गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१३. **प्राइभेट तथा साझेदारी फर्म र पर्यटन व्यवसाय सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७९/०८० सम्म वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका प्रचलित कानुन बमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेकका प्राइभेट तथा साझेदारी फर्मले संवत २०८२ साल पुष मसान्तभित्र विवरणसहित नवीकरण वा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाग्ने नवीकरण शुल्क र जरिबाना रकमको पच्चीस प्रतिशतले हुन आउने रकम दाखिला गरेमा नवीकरण वा दर्ता खारेज गरिनेछ।

(२) लघु घरेलु तथा साना उद्योगको रूपमा दर्ता हुने उद्योगहरूलाई प्रचलित कानुन बमोजिम लाग्ने दर्ता शुल्कको पचास प्रतिशत छुट दिई दर्ता गरिनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा नवीकरण नभएका पर्यटन व्यवसाय तथा पर्यटन पथप्रदर्शकले त्यस्तो व्यवसाय नवीकरणको लागि संवत् २०८२ पुस मसान्तसम्म निवेदन दिएमा अनुसुची-५ बमोजिमको नवीकरण शुल्क र जरिबानाको पचास प्रतिशत रकम दाखिला गरेमा नवीकरण गर्न सकिनेछ।

(४) प्रचलित कानुन बमोजिम इजाजतपत्र लिई सञ्चालनमा रहेका पर्यटनसँग सम्बन्धित शाखा कार्यालयको नवीकरण गर्दा दर्ता सरहको दस्तुर लिनु पर्नेछ।

१४. **वन पैदावार तथा वनक्षेत्रको नदीजन्य पदार्थको शुल्क लगाउने र बाँडफाँट सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट कटान सङ्कलन भई बिक्री वितरण हुने काठ दाउराको बिक्रीबाट उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीमा देहाय बमोजिम सेवा शुल्क वापतको रकम सामुदायिक वन उपभोक्ता समूहले मासिक रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछः-

(क) समूहको आफ्ना सदस्यहरुबाट प्राप्त आम्दानीमा पाँच प्रतिशत,

(ख) समूह बाहिरबाट प्राप्त आम्दानीमा पच्चीस प्रतिशत।

(२) साझेदारी वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना बमोजिम वन क्षेत्रबाट सङ्कलन तथा उत्पादन भई डिभिजन वन कार्यालयलाई प्राप्त हुने काठ दाउराको बिक्रीबाट प्राप्त रकम र चक्ला वन व्यवस्थापनबाट उत्पादन भएको काठ दाउराको

बिक्रीबाट प्राप्त रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) प्रदेशका सबै प्रकारका राष्ट्रिय वन क्षेत्रबाट सङ्कलन भई बिक्री वितरण हुने जडिबुटी तथा गैर काष्ठ वन पैदावारमा प्रचलित कानुनमा तोकिएको मूल्यदर बमोजिमको रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक तथा साझेदारी वनक्षेत्रमा रहेका खोलाखोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानुन बमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले वन उपभोक्ता समूहको खातामा जम्मा गर्नु पर्नेछ र बाँकी रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको पच्चीस प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र पचहत्तर प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम सङ्कलन तथा बाँडफाँट भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा मासिक रूपमा पठाउनु पर्नेछ।

१५. सेवा शुल्कः (१) प्रदेश सरकारबाट नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीबाट अनुसूची-९ बमोजिमको सेवा शुल्क कट्टा गरी बाँकी रकम भुक्तानी गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

१६. <u>बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बाधा फुकुवा गर्न सक्नेछ।

१७. <u>प्रदेश सरकारले तोके बमोजिम हुने</u>: (१) यस ऐनमा उल्लेख भए बाहेकका सेवा वापत लिइने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

अनुसूची-१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

(क) घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्कः

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा		
		उप-महानगरपालिका	न.पा. क्षेत्र र राप्ती उपत्यका (देउखुरी) क्षेत्र	गाउँपालिका
१.	राजीनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र र दर्ताफारी प्रति लिखतको थैली अङ्कमा			
	(क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत	४.५%	४%	२%
	(ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाइ (फ्ल्याट/ अपार्टमेन्ट) को लिखत	३%	२%	१%
	(ग) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन	४.५%	४%	२%

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा		
	सहितको घर जग्गाको लिखत			
२	**छोडपत्र र दर्तािफारी लिखत**			
	(अ) तीन पुस्ताभित्र	हालै देखिको बकसपत्र सरह		
	(आ) तीन पुस्ताबाहिर	राजीनामा सरह		
३.	**हालैदेखिको बकसपत्रको लिखतको थैली अंकमाः-**			
	(क) तीन पुस्ताभित्र			
	अ. एकलाख रुपैयाँसम्म	१%	१%	०.५%
	आ. एकलाख रुपैयाँभन्दा माथि जतिसुकै	२%	२%	१%
	(ख) अन्य बकसपत्र र दानपत्र	१५%	१५%	१०%
	स्पष्टिकरणः यस प्रयोजनको लागि सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।			
४.	**अंशबण्डा, अंश भरपाई र अंशछोडपत्रको लिखतको थैली अंकमा**			

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा		
	(क) तीस लाख रुपैयाँसम्म	०.२%	०.२%	०.२%
	(ख) तीस लाख रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म	०.५%	०.५%	०.५%
	(ग) दुई करोड रुपैयाँभन्दा माथी	१%	१%	१%
५	**बेजिल्ले बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था**			
	लिखतको प्रकार	**रजिष्ट्रेशन दस्तुर**		**बेजिल्ले/बेइलाकाको लिखत पारित वापतको थप शुल्क**
	(क) अंशबण्डा, अंशभरपाई र अंशछोडपत्र बाहेकका सबै प्रकारका लिखत	जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमिसुधार तथा मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने।		प्रदेशभित्र वा प्रदेशबाहिरका जिल्लाको लिखत पारित गर्दा यस आर्थिक ऐन बमोजिम असुल भएको रजिष्ट्रेशन शुल्क, सेवा शुल्क, रोक्का दस्तुरको दस प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने भूमिसुधार तथा

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा		
				मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ। यो रकम भूमिसुधार तथा मालपोत कार्यालयले प्रदेश सरकारले तोकेको खातामा एक मुष्ठ रूपमा जम्मा गर्नु पर्नेछ।
	(ख) अंशवण्डा, अंशभरपाई र अंशछोडपत्रको लिखत			नलाग्ने
६.	**मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत**			
	(क) मानो छुट्टिएको	रु. ११०००/-	रु. १००००/-	रु. ५०००/-
	(ख) मानो जोडिएको	रु. ११०००/-	रु. १००००/-	रु. ५०००/-
७.	**शेषपछिको बकसपत्र/अष्टलोहको लिखत पारित तथा संशोधन, बदर वा रद्द प्रति लिखत**			
	(क) शेषपछिको बकसपत्र/अष्टलोहको लिखत			
	(अ) तीन पुस्ताभित्र	रु.७०००/-		

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा		
	(आ) तीन पुस्ता बाहिर	रु.१२०००/-		
	(ख) शर्त संशोधन, बदर वा रद्द गर्दाको लिखत			
	(अ) शर्त संशोधन	रु.१२००/-	रु.१०००/-	रु.५००/-
	(आ) बकसपत्र रद्द	रु.१७००/-	रु.१५००/-	रु.१०००/-
८.	**बन्धकीको लिखत** क) व्यक्ति व्यक्तिबीच भएको दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैलीअंकमा	१%	१%	१%
	ख) अचल सम्पत्ति फलोपभोग (युजुफ्रुक्ट) प्रति लिखत	रु.८००/-	रु.७००/-	रु.५००/-
९.	अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको प्रति लिखत	रु.२०००/-		
१०.	दाखिल खारेज नहुने कपाली	१%		

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा		
	तमसुक र करारनामा प्रति लिखत			
११.	**गुठी दर्ता तथा गुठी नवीकरण प्रति मिसिल**			
	(क) गुठी दर्ता	रु.३५००/-		
	(ख) गुठी नवीकरण	रु.१०००/-		
१२.	**घर बहाल लिखतको थैली अकंमा**	४.५%	४%	३%
	स्पष्टीकरण: घर बहाल लिने दिने बीचमा हुने लिखत पारित गर्दा पहिलो महिनाको घर बहाल रकमलाई थैली अङ्क मानिनेछ।			
१३.	**अन्य जुनसुकै प्रकारको लिखत**			
	(क) रकम खुलेको लिखतमा थैली अङ्कको	२.५%	२%	१%
	(ख) थैली अङ्क नखुलेको लिखतमा प्रति लिखत	रु.६,०००/-	रु.५,०००/-	रु.३,०००/-

(ख) सेवा शुल्कः

सि.नं.	लिखतको प्रकार	सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा		
		उप-महानगरपालिका	नगरपालिका	गाउँपालिका
१.	डोर माग गर्ने निवेदनमा डोर शुल्क			
	(क) तराई क्षेत्र	रु.१०००० /-	रु.७०००/-	रु.३०००/-
	(ख) अन्य क्षेत्र	रु.७०००/-	रु.३०००/-	रु.२०००/-
२.	वित्तीय धितो नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतको थैली अङ्कमा			
	(क) एक लाख रुपैयाँसम्म	रु. १०००/-	रु. १०००/-	रु. १०००/-
	(ख) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म	रु. १५००/-	रु. १५००/-	रु. १५००/-
	(ग) पाँच लाख रुपैयाँ भन्दा बढी दस लाख रुपैयाँसम्म	रु. २५००/-	रु. २५००/-	रु. २५००/-
	(घ) दस लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म	रु. ३०००/-	रु. ३०००/-	रु. ३०००/-
	(ङ) बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म	रु. ५०००/-	रु. ५०००/-	रु. ५०००/-

	(च) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म	रु. २००००/-	रु. २००००/-	रु. २००००/-
	(छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म	रु. ३००००/-	रु. ३००००/-	रु. ३००००/-
	(ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म	रु. ६५०००/-	रु. ६५०००/-	रु. ६५०००/-
	(झ) पाँच करोड रुपैयाँभन्दा बढी दस करोड रुपैयाँसम्म	रु. १०००००/-	रु. १०००००/-	रु. १०००००/-
	(ञ) दस करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म	रु. १५००००/-	रु. १५००००/-	रु. १५००००/-
	(ट) पच्चिस करोड रुपैयाँभन्दा बढी जतिसुकै	रु. २०००००/-	रु. २०००००/-	रु. २०००००/-
	(ठ) ऋण नवीकरण वा अन्य प्रयोजनका लागि घरजग्गा रोक्का भए नभएको यकीन गर्न	रु.१०००/-	रु.१०००/-	रु.१०००/-
३.	**सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा**	सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिमको दस्तुर लाग्नेछ।		
४.	**जग्गाधनी दर्ता स्रेस्ता वा जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपीको शुल्क (प्रति स्रेष्ता वा पुर्जा)**			
	(क) जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रमाणित	रु.५००/-	रु.३००/-	रु.२००/-

	प्रतिलिपि			
	(ख) जग्गाधनी स्रेस्ताको प्रमाणित प्रतिलिपि	रु.५००/-	रु.३००/-	रु.२००/-
	(ग) जग्गाधनी प्रमाण पुर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा	नलाग्ने		
	<u>नोट</u>ः पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम प्रतिपृष्ठमा दश रुपैयाँको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ । तर कुनै सरकारी निकायले प्रमाणका लागि स्रेष्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपी माग गर्दा प्रतिलिपी शुल्क लाग्दैन ।			

५.	**दाखिल खारेज शुल्क (थैली अङ्कमा)**			
	(क) अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिला खारेज (अंश र अपुताली बाहेक)	४.५%	४%	२%
	<u>नोटः</u> यो बमोजिम दाखिला खारेज गर्दा भूमिसुधार तथा मालपोत कार्यालयले साविकमा करारनामाको लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्दछ ।			
	(ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको अन्य फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा (अंश र अपुताली बाहेक)	२.५%	२%	१%
	(ग) अदालत वा अन्य न्यायिक निकायबाट अंश वा अपुताली सम्बन्धमा भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज गर्दा थैली अङ्कमा	अंशको हकमा यस अनुसूचीमा उल्लेख भएको अंशबण्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ ।		
	(घ) बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय	४.५%	४%	२%

	संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा			
	(ङ) बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितोको लिलाम गर्दा व्यक्तिले सकार नगरी धितो जमानीकर्ताको नामबाट बैङ्क वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल	रु.१००००/-		
	(च) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानीकर्ता वा निजका हकदारलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा	२%	२%	१%
	(छ) भूमिसुधार तथा मालपोत कार्यालयबाट जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट वा मोही नामसारी गर्दा प्रति मिसिल	नलाग्ने		

	(ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल	रु.३०००/-	रु.१०००/-	रु.५००/-
	(झ) शेषपछिको वकसपत्रको दाखिला खारेज गर्दा (थैली अङ्कमा)			
	(अ) तीन पुस्ता भित्र	बकस सरह		
	(आ) तीन पुस्ता बाहिर	राजीनामा सरह		
६.	**नामसारी प्रति मिसिल**			
	(क) तीन पुस्ताभित्र	रु.२५००/-	रु.२०००/-	रु.१५००/-
	(ख) तीन पुस्ताभन्दा बाहिर	रु.४०००/-	रु.४०००/-	रु.१५००/-
७.	**हाल साविक** (क) पुनः नापजाँच पछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल,	रु.१५००/-	रु.१५००/-	रु.५००/-
	(ख) दर्ता हुन बाँकी जग्गाको हाल साविक गर्दा प्रति मिसिल	रु.२०००/-	रु.२०००/-	रु.१०००/-
	(ग) दर्ता हुन बाँकी जग्गाको दर्ता स्रेष्ता कायम गर्दा	नलाग्ने		
८.	**स्रेस्ता पूर्जामा घर कायम तथा घर पाताल जनाउने प्रति मिसिल**			

	(क) स्रेस्ता पुर्जामा घर जनाउने प्रति निवेदन	रु.२५००/-	रु.२५००/-	रु.१०००/-
	(ख) स्रेस्ता पुर्जामा घर पाताल गर्दा	रु.५००/-	रु.५००/-	रु.५००/-
९.	**संशोधन शुल्क** मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा प्रति मिसिल	रु.१०००/-	रु.१०००/-	रु.५००/-

(ग) रोक्का दस्तुरः

सि.नं.	लिखतको प्रकार	रोक्का दस्तुर दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा		
		उप-महानगरपालिका	नगरपालिका	गाउँपालिका
१	(क) यस अनुसूचीको खण्ड (ख) सेवा शुल्क को सि.नं. २ बमोजिम बन्धकी लिखत रजिष्ट्रेसन भएकोमा सोही बमोजिम सेवा शुल्क लाग्नेछ । तर यस खण्ड बमोजिमको रोक्का दस्तुर भने लाग्ने छैन। **(ख) यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको सि.नं. २ बमोजिम बन्धकी लिखत रजिष्ट्रेसन भएकोमा बाहेकको रोक्का राख्ने निकायको पत्रमा उल्लेख भएको ऋण अङ्कमाः**			
	(अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा	रु.५००/-	रु.५००/-	रु.३००/-
	(आ) एक लाख रुपैयाँभन्दा बढी पाँचलाख रुपैयाँसम्मको ऋण अङ्कमा	रु.१०००/-	रु.१०००/-	रु.३००/-

	(इ) पाँचलाख रुपैयाँभन्दा बढी दस लाख रुपैयाँसम्मको ऋण अङ्कमा	रु.१५००/-	रु.१५००/-	रु.१०००/-
	(ई) दश लाख रूपैयाँमाथिको ऋण अङ्कमा	यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको **सि.नं. २** बमोजिम लिखत पारित गर्नु पर्नेछ र सोही बमोजिम सेवा शुल्क लाग्नेछ।		
	<u>**स्पष्टीकरण:**</u> कुनै सरकारी निकायले रोक्का प्रयोजन उल्लेख गरी वा नगरी कुनै व्यक्ति वा निकायको नाममा रहेको घरजग्गा रोक्का राख्न लेखी पठाएमा यस अनुसूची बमोजिम कुनै शुल्क वा दस्तुर लाग्ने छैन।			
२	सम्बन्धित निकायबाट प्लानिङ्ग परमिट लिई आवासीय वा व्यावसायिक क्षेत्रमा घर, घरजग्गा व्यवसाय गर्ने कम्पनीले आफ्नो वा अन्य कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा कित्ताकाट गर्दा प्रति मिसिल	रू. २५०००/-		

(घ) विविध

१.	जलविद्युत उद्योग, सौर्य उर्जा, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छी पालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। सोको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णय प्रतिलिपी र राजस्व छुट दिने

	सम्बन्धी भूमि सुधार तथा मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नु पर्नेछ । तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साबिकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार तथा मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर र सोही बराबरको जरिबानासमेत असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नु पर्नेछ।
२.	सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले एकभन्दा बढी व्यक्ति मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेशन दस्तुरमा **पूर्ण** छुट हुनेछ । सोको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णय प्रतिलिपि र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार तथा मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नु पर्नेछ । तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार तथा मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर र सोही बराबरको जरिबाना असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नु पर्नेछ।
३.	प्रदेश भित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर

	प्रतिशत छुट हुनेछ।सोको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णय प्रतिलिपि र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार तथा मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नु पर्नेछ। तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साबिकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार तथा मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नु पर्नेछ।
४.	(क) कृषि ऋणको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेसन शुल्क पूर्ण रूपमा छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि र सोही विषयमा भूमिसुधार तथा मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्रसमेत पेश गर्नुपर्ने छ। छुट सुविधा लिई प्राप्त गरेको कृषि ऋण उद्देश्य विपरीत प्रयोग भएको छ भनी साबिकमा छुटका लागि सिफारिस गर्ने निकायको किटानी सिफारिसका आधारमा भूमिसुधार तथा मालपोत कार्यालयले साबिकमा रहेको बन्धकी रोक्का फुकुवा भएका बखत उक्त जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर र सोही बराबरको जरिबानासमेत असुल गरी त्यस्तो जग्गा फुकुवा गर्नु पर्नेछ। तर सेवा शुल्क रू. १०००/- लाग्नेछ।
	(ख) बीमा संस्थान, बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले

	आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम ऋण सुविधा प्रदान गर्दा रजिष्ट्रेसन शुल्क पूर्ण रूपमा छुट हुनेछ । तर सेवा शुल्क बापत रु. १०००/- लाग्नेछ ।
	(ग) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ र नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट समेत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका कर्मचारीहरुले ऋण लिदाँ धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रु. ५००/- लाग्नेछ ।
५.	(क) सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यबीच ऋण लगानी/प्रवाह गर्दा दश लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क बाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड "ख" सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। तर रोक्का शुल्क छुट हुनेछ।
	(ख) यो ऐन प्रारम्भ भएपश्चात् बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा

	संशोधन शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन।
६.	जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा मातापिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। तर यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नु पर्नेछ।
७.	(क) र (ख) वर्गका अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ ।
८.	(क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बाबु-आमा विहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखत र शेषपछिको बकस पत्र दाखिला खारेज गर्दा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा पैंतीस प्रतिशत छुट हुनेछ।
	(ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु.१००/- रजिष्ट्रेसन शुल्क लाग्नेछ।
	(ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिइनेछ। यसको

	लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार तथा मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नु पर्नेछ । तर छुट सुविधा लिई प्राप्त गरेको जग्गा साबिकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार तथा मालपोत कार्यालयले त्यस्तो जग्गा रोक्का राखी साबिकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ।
९.	भूमिहीन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का शुल्क व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ ।
१०.	यस अनुसूची बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एक मात्र छुट दिइनेछ।
११.	यस अनुसूची बमोजिम हुने कामका लागि "तीन पुस्ता" भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, दिदी-भिनाजु, बहिनी, बहिनी-ज्वाई, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाइ, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी ज्वाईं, नातिनीबुहारी, काका, काकी, मामा, माइजू, भान्जा, भान्जी, ठूलोबुवा, ठूलीआमा (बाबुतर्फका), आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी, छोरी, ज्वाईं, फुपू, फूपा, भदा, भदै, भदाबुहारी, भदैनी ज्वाईंबीच हुने कारोबारलाई जनाउँदछ र यो

	शब्दले धर्मसन्तानलाई आफ्नै सन्तानसरह मानी यसमा उल्लिखित नाता सम्बन्ध समेतलाई बुझाउँदछ ।
१२.	सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी संस्थाले संस्थाको प्रयोजनको लागि (कार्यालय तथा सेवा केन्द्रको भवन निर्माण कार्य) पहाडी वा हिमाली क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा शत प्रतिशत छुट हुनेछ। यसका लागि सहकारी संघ संस्थाका नियामक निकायहरु.मध्ये सहकारीको कार्यक्षेत्रको आधारमा स्थानीय तह वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागको सिफारिस पत्र पेश गर्नु पर्नेछ । तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै किसिमबाट दाखिल खारेज भएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसका आधारमा भूमिसुधार तथा मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ र बचत तथा ऋण सहकारी संस्थाको हकमा यो छुट लागू हुने छैन।
१३.	एउटै कारोबारमा दशलाख रुपैंयाँदेखि पचास लाख रुपैंयासम्म थैली रकम भएको घरजग्गा खरिद वा बिक्री गर्दा ऋणी धनीले कुनै पनि बैकिङ्ग उपकरणको माध्यमद्वारा कारोबार गर्नु पर्नेछ । तर सो भन्दा माथिको थैली रकमको हकमा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) चेक वा बैंक ग्यारेन्टी वा ई-पेमेण्ट भएको प्रमाण वा राष्ट्र बैंकको निर्देशन बमोजिमका अन्य प्रमाणको प्रतिलिपी पेश गरेपछि वा विक्रेताको नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको प्रतिलिपी पेश गरेपछि मात्र भूमि सुधार तथा मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ।

१४.	पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ।
१५.	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत रहेको कुनै एक सरकारी निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत रहेको अर्को कुनै सरकारी निकायको नाममा प्राप्त गर्दा यस अनुसूची बमोजिमको कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन।
१६.	कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै सरकारी निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै पनि सरकारी निकायले खरिद गरी लिएमा यस अनुसूची बमोजिमको कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन।
१७.	वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणालीमार्फत रेमिटयान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिटयान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागु हुनेछैन।
१८.	यस अनुसूचीको प्रयोजनको लागि "तराई क्षेत्र" भन्नाले तराई र भित्री मधेशका जिल्लाहरू सम्झनुपर्छ ।
१९.	यस अनुसूचीको प्रयोजनका लागि "राप्ती उपत्यका (देउखुरी) क्षेत्र" भन्नाले दाङ जिल्लाको राप्ती गाउँपालिका क्षेत्र र गढवा गाउँपालिकाको वडा नं. १, २ र ३ को क्षेत्रलाई सम्झनु पर्छ ।
२०.	पहिले कारोबार भएको थैली अङ्कभन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन। **स्पष्टीकरण**: पहिले कारोबार भएको थैली अंक भन्नाले बन्धकी लिखतमा उल्लेख भएको थैली अंक बाहेकलाई जनाउँनेछ।

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

सवारी साधन कर र सवारी सम्बन्धी शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था

क) सवारी साधन करः

क्र.स.	सवारीको किसिम	वार्षिक करको दर (रु.) मा.
१. निजी सवारी साधानमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ		
	(क) कार, जिप, भ्यान वा माईक्रो बस	
	(अ) १००० सी.सी. सम्म	२२०००/-
	(आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म	२५०००/-
	(इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म	२७०००/-
	(ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी. सम्म	३७०००/-
	(उ) २५०० सी.सी. भन्दा माथि ३००० सी.सी. सम्म	५००००/-
	(ऊ) ३००० सी.सी. भन्दा माथि ३५०० सी.सी. सम्म	६००००/-

	(ए) ३५०० सी.सी. भन्दा माथि सबै	६५०००/-
	(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर वा क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर	
	(अ) डोजर, एक्साभेटर, लोडर, रोलर, वा क्रेन जस्ता मेशिनरी उपकरण	४००००/-
	(आ) ट्रिपर	३९०००/-
	(इ) मिनिट्रिपर	३३०००/-
	(ग) थ्रि ह्वीलर, टेम्पो, ई-रिक्सा, ट्रेक्टर वा पावर ट्रिलर	
	(अ) थ्रि ह्वीलर, टेम्पो	६०००/-
	(आ) थ्रि ह्वीलर ई-रिक्सा, ई-टेम्पो	४०००/-
	(इ) हारबेष्टर र ट्रेक्टर	
	(१) कम्बाइन हारबेष्टर	५०००/-
	(२) ट्रेक्टर	९०००/-
	(ई) पावर ट्रिलर	४५००/-

	(घ) मिनिट्रक वा मिनिबस	२७०००/-
	(ङ) ट्रक, ट्याङ्कर वा बस	३५०००/-
	(च) मोटरसाईकल वा स्कुटर	
	(अ) १२५ सी.सी. सम्म	३०००/-
	(आ) १२५ सी.सी. भन्दा माथि १५० सी.सी. सम्म	५०००/-
	(इ) १५० सी.सी. भन्दा माथि २२५ सी.सी. सम्म	६५००/-
	(ई) २२५ सी.सी. भन्दा माथि ४०० सी.सी. सम्म	११०००/-
	(उ) ४०० सी.सी. भन्दा माथि ६५० सी.सी. सम्म	२००००/-
	(ऊ) ६५० सी.सी. भन्दा माथि सबै	३००००/-
	(छ) निजी विद्युतीय सवारी साधनमा	
	(अ) मोटरसाईकल वा स्कुटर	
	(१) ५०० वाट सम्म	छुट
	(२) ५०० वाट भन्दा माथि १००० वाट सम्म	२५००/-

	(३) १००० वाट भन्दा माथि १५०० वाट सम्म	३०००/-
	(४) १५०० वाट भन्दा माथि सबै	३५००/-
	(आ) कार, जीप, भ्यान, माईक्रोबस, बस वा अन्य	
	(१) ५० किलोवाट सम्म	११०००/-
	(२) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म	१७०००/-
	(३) १२५ किलोवाट भन्दा माथि २२५ किलोवाट सम्म	२२०००/-
	(४) २२५ किलोवाट भन्दा माथि सबै	३५०००/-
२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ		
	(क) कार, जिप, भ्यान वा माईक्रो बस	
	(अ) १००० सी.सी. सम्म	११०००/-
	(आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म	१२५००/-
	(इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म	१३५००/-
	(ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी. सम्म	१४५००/-

	(उ) २५०० सी.सी. भन्दा माथि ३००० सी.सी. सम्म	१६५००/-
	(ऊ) ३००० सी.सी. भन्दा माथि ३५०० सी.सी. सम्म	१७५००/-
	(ए) ३५०० सी.सी. भन्दा माथि ४००० सी.सी. सम्म	१९०००/-
	(ऐ) ४००० सी.सी. भन्दा माथि सबै	२२०००/-
	(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर वा क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर	२१०००/-
	(ग) थ्रि ह्वीलर र टेम्पो, ई टेम्पो	६०००/-
	(घ) ट्रेक्टर	६०००/-
	(ङ) पावर ट्रिलर	४५००/-
	(च) मिनिट्रक वा मिनिबस	१५०००/-
	(छ) मिनि ट्रिपर	१८०००/-
	(ज) ट्रक, टयाङ्कर वा बस	२००००/-
	(झ) तेल टयाङ्कर	२२०००/-

	(ञ) ग्यास बुलेट	२५०००/-
	(ट) ट्रिपर	१९०००/-
	(ठ) विद्युतीय सवारी साधन	
	अ) २० किलोवाट सम्म	३५००/-
	आ) २० किलोवाट भन्दा माथि ५० किलोवाट सम्म	४०००/-
	इ) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म	६०००/-
	ई) १२५ किलोवाट भन्दा माथि २०० किलोवाट सम्म	११०००/-
	उ) २०० किलोवाट भन्दा सबै	१६०००/-
३.	नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएका र पर्यटक सवारी वा सार्वजनिक संस्थानका नाममा दर्ता भएका सवारी साधनलाई भाडामा दर्ता भएका सवारी साधन सरह सवारी साधन कर लाग्नेछ।	
४.	भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन करमा पचास प्रतिशत छुट हुनेछ। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि उल्लिखित क्र.सं. १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ ।	

५.	सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर लगाइनेछ। व्यापार मौज्दातमा रहेका सवारी साधनहरुमा यस्तो कर लाग्ने छैन। तर मौज्दात प्रमाणित सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।
६.	उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनलाई लाग्ने सवारी साधन करमा चौध वर्ष भन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर त्यस्तो सवारी साधनको कुल कर रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमको दोब्बरभन्दा बढी हुने छैन। बीस वर्षभन्दा पुराना कुनै पनि सवारी साधनको स्वामित्व परिवर्तन गरिनेछैन।
७.	भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा जनआन्दोलनका घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारीसाधनका धनीले तोकिएको करमा चालीस प्रतिशत छुट पाउनेछन्। छुट सुविधा पाउने सवारी साधनले छुट पाउने वर्ग खुलेको स्टिकर/सूचना त्यस्तो सवारी साधनमा टाँसेको हुनुपर्नेछ। प्रदेश सरकारको कुनै निकायबाट अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाईएमा वा स्टिकर/सूचना टाँसेको नपाइएमा छुट दिएको रकम र सोही बराबर जरिबाना गरी असुलउपर गरिनेछ।
८.	जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट

	तीनवर्षको लागि अग्रिम रूपमा बुझाउन सक्नेछन्। त्यसरी अग्रिम रूपमा तीन वर्षको एकमुष्ठ कर र नवीकरण दस्तुर भुक्तानी गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ।
९.	सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्ष भन्दा पुराना सवारी साधनलाई वार्षिक रूपमा कुनै कर लाग्ने छैन।
१०.	क्र. सं. १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स र शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।
११.	दश लाख रुपैयाँभन्दा बढीको सवारी साधन बिक्रि गर्दा सम्बन्धित सवारी साधन बिक्रेताले एकाउन्ट पेयी चेक बाट मात्र भुक्तानी लिनुपर्नेछ।
१२.	यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन।
१३.	नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर, यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकहरूलाई दिइने छैन।

१४.	नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। तर अन्य शुल्क लाग्नेछ।
१५.	यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सोभन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शीर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ।
१६.	अन्य प्रदेशमा दर्ता भएका सवारी साधनका धनीले यस प्रदेशमा सवारी दर्ता किताब दर्ता नवीकरण गर्न चाहेमा यस ऐन बमोजिम निर्धारण गरिएको सवारी कर तथा नवीकरण दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ।
१७.	सवारी साधन कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा सवारी दर्ता किताव नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद समाप्त भएको मितिले नब्बे दिनभित्र बुझाई सक्नुपर्नेछ। सोही म्यादभित्र नबुझाएमा सोही आर्थिक वर्षको अन्त्यसम्मको बीस प्रतिशतका दरले जरिबाना समेत लिई सवारी साधन दर्ता किताब नवीकरण गरीनेछ।
१८.	प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि लगत कट्टा गर्ने प्रयोजनका लागि सवारी धनीले निवेदन दिएमा लगतकट्टा गर्ने निर्णय मितिसम्मको सवारी साधन करमा दामासाहीले कर लगाइनेछ।

१९.	बीस वर्षसम्म नियमित सवारी साधन कर दाखिला र नवीकरण गरेका र सो अवधि पछि सञ्चालनमा नरही थन्किएका तथा कानुन बमोजिम लगतकट्टा गर्न नआएका भाडाका सवारी साधनको लगत कट्टा गर्ने प्रयोजनका लागि निवेदन दिएमा बीस वर्षपछि पाँच वर्षसम्मको अवधि भए पछिल्लो एक वर्षको सवारी साधन कर र पाँच वर्षभन्दा बढी अवधिको भए पछिल्लो दुई वर्षको सवारी साधन कर दाखिला गरेमा त्यस्ता सवारीको लगत कट्टा गरिनेछ।
२०.	सवारी साधन दर्ता भई वार्षिक सवारी साधन कर नबुझाएका र नवीकरण समेत नगरेका सवारी साधनको हकमा संवत् २०८२ को पौष मसान्तसम्म सवारी साधन कर तिरी नवीकरण गर्न आएमा सवारी साधन करमा लाग्ने कुल जरिबानाको **पचहत्तर** प्रतिशत छुट दिई नवीकरण गरिनेछ।

(ख) सवारी साधन दर्ता दस्तुर तथा अन्य दस्तुर जरिबानाः

१. सवारी सरुवा दर्ता दस्तुर

क्र.सं.	**सवारी वर्गीकरण**	**सवारीको किसिम**	**दस्तुर रु.**
१.	ठूला सवारी	निजी	१५००/-
		सार्वजनिक	२५००/-
२.	मझौला सवारी	निजी	१०००/-

		सार्वजनिक	१५००/-
३.	साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर)	निजी	१०००/-
		सार्वजनिक	१५००/-
४.	मोटरसाइकल वा स्कुटर	निजी	५००/-
		सार्वजनिक	५००/-
स्पष्टीकरणः पर्यटक, सरकारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।			

२.२. हेरफेर (स्वरुप परिवर्तन) दस्तुरः

क्र.सं.	सवारी वर्गीकरण	सवारीको किसिम	दस्तुर रु.
१.	ठूला सवारी	निजी	१५००/-
		सार्वजनिक	२५००/-
२.	मझौला सवारी	निजी	१०००/-
		सार्वजनिक	१५००/-
३.	साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर)	निजी	१०००/-
		सार्वजनिक	१५००/-

४.	मोटरसाइकल वा स्कुटर	निजी	५००/-
		सार्वजनिक	५००/-

३. सवारी साधनको अस्थायी दर्ता दस्तुरः

क्र.सं.	**सवारी वर्गीकरण**	**सवारीको किसिम**	**दस्तुर रु.**
१.	ठूला सवारी	निजी	१०००/-
		सार्वजनिक	१५००/-
२.	मझौला सवारी	निजी	८००/-
		सार्वजनिक	१२००/-
३.	साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर)	निजी	५००/-
		सार्वजनिक	१०००/-
४.	मोटरसाइकल वा स्कुटर	निजी	९००/-
		सार्वजनिक	५००/-
स्पष्टीकरणः पर्यटक, सरकारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।			

४. **सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः**

क्र.सं.	**सवारी वर्गीकरण**	**सवारीको किसिम**	**दस्तुर रु.**

१.	ठूला सवारी	निजी	५००/–
		सार्वजनिक	८००/–
२.	मझौला सवारी	निजी	४००/–
		सार्वजनिक	५००/–
३.	साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर)	निजी	४००/–
		सार्वजनिक	३००/–
४.	मोटरसाइकल वा स्कुटर	निजी	३००/–
		सार्वजनिक	५००/–
स्पष्टीकरणः पर्यटक, सरकारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।			

५. सवारी साधनको नामसारी दस्तुरः

क्र.सं.	**सवारी वर्गीकरण**	**सवारीको किसिम**	**दस्तुर रु.**
१.	ठूला सवारी	निजी	१०००/–
		सार्वजनिक	२०००/–
२.	मझौला सवारी	निजी	८००/–

		सार्वजनिक	१५००/-
३.	साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर)	निजी	८००/-
		सार्वजनिक	१०००/-
४.	मोटरसाइकल वा स्कुटर	निजी	५००/-
		सार्वजनिक	१०००/-
स्पष्टीकरणः पर्यटक सवारी ,सरकारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।			

६. बाटो इजाजतपत्र दस्तुर र नवीकरण समेत (चौध सिटसम्म क्षमता भएका सार्वजनिक सवारी साधनलाई मात्र)

क्र.सं.	बाटो दुरी (मि.कि)	अर्धवार्षिक बाटो इजाजतपत्रदस्तुर (नवीकरण समेत) रु.
१.	१ भन्दा माथि ५० कि.मि. सम्म	६००/-
२.	५० भन्दा माथि १०० कि.मि. सम्म	८००/-
३.	१०० भन्दा माथि १५० कि.मि. सम्म	१०००/-
४.	१५० भन्दा माथि २५० कि.मि. सम्म	१२००/-
५.	२५० भन्दा माथि ३०० कि.मि. सम्म	१५००/-

७. बाटो इजाजतपत्र दस्तुर र नवीकरण समेत (सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने) सिटको व्याख्या गर्नुपर्नेः

क्र.सं.	बाटो दुरी (कि.मि)	सवारीको वर्गीकरण र अर्धवार्षिक (नविकरण समेत) दस्तुर रु.	
		ठूला र मझौला बस, मिनिबस आदि	ठूला र मझौला ट्रक, मिनिट्रक आदि
१.	१ भन्दा माथि ५० कि.मि. सम्म	८००/-	१०००/-
२.	५० भन्दा माथि १०० कि.मि. सम्म	१०००/-	१२००/-
३.	१०० भन्दा माथि १५० कि.मि. सम्म	१२००/-	१४००/-
४.	१५० भन्दा माथि २०० कि.मि. सम्म	१४००/-	१७००/-
५.	२०० भन्दा माथि २५० कि.मि. सम्म	१५००/-	१८००/-
६.	२५० भन्दा माथि ३०० कि.मि. सम्म	१८००/-	२०००/-
७.	३०० भन्दा माथि ३५० कि.मि. सम्म	२०००/-	२३००/-
८.	३५० भन्दा माथि ४०० कि.मि. सम्म	२१००/-	२४००/-
९.	४०० भन्दा माथि ४५० कि.मि. सम्म	२३००/-	२६००/-
१०.	४५० भन्दा माथि ५०० कि.मि. सम्म	२६००/-	२९००/-

११.	५०० भन्दा माथि ५५० कि.मि. सम्म	३२००/-	३३००/-
१२.	५५० भन्दा माथि ६०० कि.मि. सम्म	३३००/-	३४००/-
१३.	६०० भन्दा माथि ६५० कि.मि. सम्म	३५००/-	३६००/-
१४.	६५० भन्दा माथि ७०० कि.मि. सम्म	३८००/-	३९००/-
१५.	७०० कि.मि. भन्दा माथि	४२००/-	४३००/-

८. तोकिएका निश्चित क्षेत्रभित्रको बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो इजाजत दस्तुरः

क्र.सं.	सवारीको वर्गीकरण	अर्धवार्षिक बाटो इजाजत दस्तुर (रु.)
१.	चौध सिट वा सोभन्दा मूनिका हलुका (मिटरवाला बाहेक) सवारीर एक टनसम्म क्षमता भएका ट्याक्टर र पावरट्रिलर	५००/-
२.	मिटर भएका /नभएका ट्याक्सी	५००/-
३.	ट्याम्पो	४००/-

९. जाँचपास प्रमाणपत्र दस्तुरः

क्र.सं.	सवारीको वर्गीकरण	अर्धवार्षिक बाटो इजाजत दस्तुर (रु.)
१.	ठूला सवारी	५००/-

२.	मझौला तथा साना सवारी	४००/-
३.	तीन पाङ्ग्रे सवारी	३००/-
स्पष्टीकरणः पर्यटक सवारी, सरकारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।		

१०. यातायात सेवाको नाम पञ्जिकरण दस्तुरः

क्र.सं.	**पुँजी**	**दस्तुर रु.**
१.	रु. २० लाखसम्म	५०००/-
२.	रु. २० लाख भन्दा बढी रु. ५० लाखसम्म	७५००/-
३.	रु. ५० लाख भन्दा बढी रु. १ करोडसम्म	१००००/-
४.	रु. १ करोड भन्दा बढी देखि रु.५ करोडसम्म	१५०००/-
५.	रु. ५ करोड भन्दा रु.१० करोडसम्म	२५०००/-
६.	रु. १० करोड भन्दा बढी जतिसुकै	३५०००/-
स्पष्टीकरणः थप सवारी साधन पञ्जिकरण गर्दा प्रति सवारी साधन साना सवारी रु.५०० /- मझौला सवारी साधन रु.१००० /- र ठुला सवारी साधन रु.१५०० /- लाग्नेछ।		

११. यातायात सेवा सञ्चालन गर्ने नवीकरण दस्तुरः

क्र.सं.	पुँजी	दस्तुर रु.
१.	रु. २० लाखसम्म	५०००/-
२.	रु. २० लाख रुपैयाँभन्दा बढी रु. ५० लाखसम्म	७५००/-
३.	रु. ५० लाख रुपैयाँभन्दा बढी रु. २ करोड रुपैयाँसम्म	१००००/-
४.	रु. २ करोड रुपैयाँभन्दा बढी रु. ५ करोड रुपैयाँसम्म	१५०००/-
५.	रु. ५ करोड रुपैयाँभन्दा बढी रु. १० करोड रुपैयाँसम्म	२५०००/-
६.	रु. १० करोड रुपैयाँभन्दा बढी जतिसुकै	३५०००/-

१२. (क) सवारी साधन चालक प्रशिक्षण केन्द्र सञ्चालन अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः

क्र.सं.	सवारी वर्गीकरण	अनुमतिपत्र दस्तुर रु.	वार्षिक नवीकरण दस्तुर रु.
१.	मोटरसाइकल, स्कुटर र मोपेड	५१००/-	३०००/-
२.	तीन र चार पाङ्ग्रे सवारी साधन (टेम्पो, कार, जिप वा भ्यान)	७५००/-	४०००/-
३.	ठूला तथा मझौला (ट्रक, बस, मिनिट्रक, मिनिबस वा माइक्रोबस)	८०००/-	५०००/-

४.	हेभी इक्यूपमेन्ट (रोलर, डोजर, एक्साभेटर, लोडर बन क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने)	१००००/-	६०००/-
स्पष्टीकरणः एकभन्दा बढी वर्गीकरणको सवारी सम्वन्धी प्रशिक्षण केन्द्र सञ्चालन गर्दाको हकमा जुन दस्तुर बढी हुन आउँछ सोही वर्गीकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ।			

(ख) कारखाना वा वर्कसप सञ्चालन अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः

क.सं.	सवारी वर्गीकरण	अनुमतिपत्र दस्तुर रु.	वार्षिक नवीकरण दस्तुर रु.
१.	मोटरसाइकल, स्कुटर र मोपेड	४०००/-	२५००/-
२.	तीन र चार पाङ्ग्रे सवारी साधन (टेम्पो, कार, जिप वा भ्यान)	६०००/-	४०००/-
३.	ठूला तथा मझौला (ट्रक, बस, मिनिट्रक, मिनिबस वा माइक्रोबस)	७०००/-	५०००/-
४.	हेभी इक्यूपमेन्ट (रोलर, डोजर, एक्साभेटर, लोडर बन क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने)	८०००/-	६०००/-

स्पष्टीकरणः	एकभन्दा बढी वर्गीकरणको कारखाना वा वर्कसप सञ्चालन गर्दाको हकमा जुन दस्तुर बढी हुन आउँछ सोही वर्गीकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ।

१३. सवारी साधन बिक्री शोरुम वा रिकन्डिसन हाउस सञ्चालन अनुमतिपत्र दस्तुर र वार्षिक नवीकरण दस्तुरः

क्र.सं.	स्थिर पुँजी	अनुमतिपत्र दस्तुर रु.	नवीकरण दस्तुर रु.
१.	रु. ३ करोडसम्म (साना उद्योग)	७०००/-	३५००/-
२.	रु. ३ करोड देखि १० करोडसम्म (मझौला उद्योग)	१००००/-	५०००/-
३.	रु. १० करोड देखि माथि (ठूला उद्योग)	३००००/-	१५०००/-

१४. विदेशमा दर्ता भएका (मालवाहक सवारी साधन बाहेकका) सवारी साधन लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रुट) दस्तुर (सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११ सँग सम्बन्धित)

क्र.सं.	सवारी वर्गीकरण	अनुमतिपत्र दस्तुर रु.
१.	दुई पाङ्ग्रे (मोटरसाइकल र स्कुटर)	२००/-
२.	साना सवारी (तिन पाङ्ग्रे समेत)	३००/-
३.	मझौला सवारी	७००/-
४.	ठूला सवारी	१०००/-

स्पष्टीकरणः (क) नेपाल र अन्य मुलुकबीच दुई पक्षीय सन्धि/सम्झौता भएका विषयमा सोही सन्धि/सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(ख) विदेशमा दर्ता भएका (मालवाहक सवारी साधन बाहेकका) सवारी साधन लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रुट) दस्तुरको शुल्क लिदा भन्सार प्रज्ञापनपत्रमा उल्लेखित अवधिको गणना गरी लिईनेछ।

१५. सवारी चालक अनुमतिपत्र आवेदन दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुरः

क्र.सं.	सवारीको किसिमवर्ग/	आवेदन दस्तुर रु.	अनुमतिपत्र र नवीकरण दस्तुर रु.	वर्ग थप दस्तुर रु.
१.	मोटरसाईकल मोपेड वर्ग /स्कुटर/A	५००/-	१५००/-	५००/-
२.	मोपेड/स्कुटर वर्ग K	५००/-	१५००/-	५००/-
३.	कार, जीप, डेलीभरी भ्यान (वर्ग B)	५००/-	२०००/-	५००/-
४.	टयाम्पो/ अटोरिक्सा ((वर्ग C) र इरिक्सा (वर्ग C1)	५००/-	२०००/-	५००/-
५.	पावर ट्रिलर (वर्ग D)	५००/-	२०००/-	५००/-

६.	ट्रेक्टर (वर्ग E)	५००/–	२५००/–	५००/–
७.	मिनिबस/मिनिट्रक (वर्ग F)	५००/–	२५००/–	५००/–
८.	ट्रकबस/ लहरी (वर्ग G)	५००/–	३०००/–	१०००/–
९.	रोड रोलर/ डोजर (वर्ग H), डोजर (वर्ग H1), रोड रोलर (वर्ग H2 Road Roller)	५००/–	३०००/–	१०००/–
१०.	क्रेन/दमकल/लोडर (वर्ग I), क्रेन (वर्ग I1), दमकल (वर्ग I2 Fire Brigade), लोडर (वर्ग I3 Loader)	५००/-	३०००/-	१०००/-
११.	वर्ग J1 Excavator,वर्ग J2 Backhoe Loader, वर्ग J3 Grader, वर्ग J3 Forklift, वर्ग J3 Others	५००/-	३०००/-	१०००/-
१२.	प्रमाणीकरण	१०००/-		

१६. विदेशमा दर्ता भएको सवारी चलाउने अनुमतिपत्रको दस्तुर (सडक सवारी, यातायात तथा परिवहन ऐन,२०७६ को दफा ५ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

क्र.सं.	सवारीको वर्गीकरण	दस्तुर रु.
१.	ठुला सवारी वा मझौला सवारी	३०००/-
२.	साना सवारी	२०००/-

१७.	बाटो इजाजतपत्रको म्याद समाप्त भएको मितिले १५ दिनसम्म लाग्ने दस्तुर लिई नवीकरण गरिनेछ। त्यस पछिको ३० दिनसम्म अर्थात शुरुबाट ४५ दिनसम्म दोब्बर दस्तुर लगाई नवीकरण गरिनेछ। त्यसपछि शुरू देखि पहिलो ६ महिनासम्म तेब्बर र त्यसपछाडि प्रत्येक ६ महिनाको लागि एक पटकलाग्ने इजाजत दस्तुर थप र एकमुष्ठ रू.५०००/- जरिबाना गरी बाटो इजाजतपत्र नवीकरण गरिनेछ। तर तीनपाङ्ग्रे सवारी साधनको हकमा अन्य दस्तुर यथावत गणना गरी एकमुष्ठ रु.२०००/- जरिबाना गरी इजाजतपत्र नवीकरण गरिनेछ।
१८.	सवारी जाँचपासको अवधि समाप्त भएको मितिले ७ दिनभित्र लाग्ने दस्तुर लिई जाँचपास प्रमाण पत्र

	उपलब्ध गराइनेछ। त्यस पछिको ३५ दिनसम्म अर्थात शुरुबाट ४२ दिनसम्म दोब्बर दस्तुर र म्याद समाप्त भएको शुरु देखि ६ महिना भित्रसम्म लाग्ने दस्तुरको तेब्बर र एकमुष्ठ रू.३०००/- जरिबाना गरिनेछ।त्यसपछिको अवधिको शुरुको ६ महिनाभित्रको अवधिको लाग्ने दस्तुर र जरिबाना सहित त्यसपछिको प्रत्येक ६ महिनाको एक पटक मानी (जरिबाना बाहेक) लाग्ने शुल्क थप गर्दै जानुपर्नेछ। जुनसुकै बखत जाँचपास गर्दा सवारी साधन नियमानुसार दुरूस्त भएको हुनु पर्नेछ।अन्यथा जाँचपास खारेज गरिनेछ। तर तीनपाङ्ग्रे सवारी साधनको हकमा अन्य दस्तुर यथावत गणना गरी एकमुष्ठ रू.१०००/- जरिबाना गरी जाँचपास प्रमाणपत्र उपलब्ध गराइनेछ।
१९.	पटके बाटो प्रति ५० कि.मि. को लागि इजाजत दस्तुर रू.१००/-, सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी दस्तुर रू.५००/- जाँचपास प्रमाणपत्र र बाटो (रूट) इजाजत प्रमाणपत्रको प्रतिलिपी रू.३००/-, प्रदुषण स्टिकर दस्तुर रू.५००/- र नेपालमा कायम भएको बाटोमा सञ्चालन गर्ने ठूला तथा मझौला, पर्यटक सवारी, सार्वजनिक संस्थानका सवारी र भाडाका ट्रकमा राष्ट्रव्यापी बाटो इजाजत (नेशनल परमिट) दस्तुर वार्षिक रू.२०,०००/- लाग्नेछ।
२०.	सवारी जाँचपास प्रमाण पत्र दस्तुर तथा बाटो ईजाजत पत्र (रूट परमिट) नवीकरण दस्तुर (अर्धवार्षिक)

	रूपमा लिई नवीकरण गर्नु पर्नेछ। तर कुनै सार्बजनिक सवारी साधनको तोकिएको आयु छ महिनाभन्दा कम भएमा बाँकी रहने अवधिको लागि दामासाहीले नवीकरण दस्तुर लिई नवीकरण गर्नु पर्नेछ।
२१.	नामसारीको लागि सवारी साधन बिक्री गर्ने वा खरिद गर्ने व्यक्ति सवारी दर्ता भएको सम्बन्धित यातायात व्यवस्था कार्यालयमा उपस्थित भई सवारी साधन खरिद बिक्री गर्न मञ्जुर भई सहिछाप गरी सनाखत प्रमाणित गर्न माग गरेमा दुई पाङ्ग्रे सवारी साधनको लागि रू. १०००/-, तीन पाङ्ग्रे सवारी साधनको लागि रू. १२००/-, साना सवारी साधनको लागि रु. १५००/- र ठूला सवारी साधनको लागि रू. २५००/- रकम दस्तुर लिई सनाखत प्रमाणित गर्न सकिनेछ। यसरी प्रमाणित भएको सनाखतको मान्य अवधि ३० दिनको हुनेछ।
२२.	सवारी साधनको नामसारी गर्दा कारणवश सवारी धनी कार्यालयमा उपस्थित हुन नसक्ने भनी डोर खटाउन निवेदन दिएमा कार्यालयमा आउन नसक्ने कारण कार्यालय प्रमुखलाई मनासिब लागेमा सम्बन्धित कार्यालयको क्षेत्राधिकार भित्र तराईको जिल्ला भए रू. ५०००/- र पहाडी वा हिमाली जिल्लाको लागि रू. ८०००/- दस्तुर लिई डोर खटाउन सकिनेछ।
२३.	कारागारमा रहेका कैदीबन्दीले सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारीसमक्ष आफ्नो सवारी साधन बिक्री गरी नामसारीको लागि सही सनाखत गर्न निवेदन दिएमा सो निवेदनलाई कारागार प्रमुख

	वा तोकिएको कर्मचारीले कैदीबन्दीको माग बमोजिमको सेवा उपलब्ध गराउन अनुरोध सहितको पत्र तथा कागजात कारागार रहेको क्षेत्रको यातायात व्यवस्था कार्यालयमा प्राप्त हुन आएमा कारागार रहेको क्षेत्रको यातायात व्यवस्था कार्यालयले सही सनाखत गराउन आफ्नो कर्मचारीलाई डोर खटाउन सक्नेछ। यसरी सही सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा गराउनु पर्नेछ ।
२४.	सार्वजनिक सवारीले प्रत्येक छ महिना र निजी सवारीले प्रत्येक एक वर्षमा प्रदुषण जाँच गराउनु पर्नेछ। प्रदुषण जाँचको अवधि समाप्त भएको मितिले सात दिनभित्र प्रदुषण स्टिकर शुल्क रु. ५००/- लिई प्रदुषण जाँच गरिनेछ। सो अवधिभित्र प्रदुषण जाँच नगराउने सार्वजनिक सवारीले प्रत्येक छ महिनाको रु. १०००/- र निजी सवारी साधनले प्रत्येक वर्ष रू.१५००/- का दरले जरिबाना लाग्नेछ।

अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
मनोरञ्जन कर

खण्ड (क) प्रति टिकटमा लाग्ने मनोरन्जन करः

क्र.सं.	विवरण	करको दर
१.	चलचित्र घरमा चलचित्र प्रदर्शन, थिएटर/नाटकघर भिडियोघर, प्रति टिकट मूल्यको	५%
२.	कन्सर्ट प्रति व्यक्ति	रू.२५/-
३.	सांस्कृतिक प्रदर्शन हल, आकाशे सिसाको पूल, जीपलाईन, केवलकार, स्काइ साइक्लिङ, प्याराग्लाइडिङ्ग, स्वीङ, वाटर गार्डेन, बाल उद्यान पार्क, ताल तलैया, क्रुज बोटिङ्ग वा डुङ्गा सफारी, रक क्लाइम्बिङ, पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकट/बिल मूल्यको (केवलकारको हकमा शुरु संचालन भएको तीन आर्थिक वर्षसम्म कर छुट हुनेछ)	५%

खण्ड (ख) वार्षिक एकमुष्ठ लाग्ने मनोरञ्जन करः

क्र.सं.	विवरण	उपमहानगरपालिका	नगरपालिका	गाँउपालिका
१.	थिएटर/नाटकघर, भिडियोघर, ओपेरा	रू.१0000/-	रू.७000/-	रू.५000/-
२.	डान्सबार, नाईट क्लब र रात्रिकालीन सेवा	रू.१00000/-	रू.५0000/-	रू.२५000/-
३.	दोहोरी साँझ, रोदी घर	रू.३0000/-	रू.१0000/-	रू.५000/-
४.	स्पा र मसाज	रू.३0000/-	रू.१0000/-	रू.५000/-
५.	पुल हाउस, स्वीमिङ्ग पूल, जुम्वा, जीम हाउस	रू.१0000/-	रू.७000/-	रू.५000/-
६.	क्यासिनो	रु.१000000/-	रु.१000000/-	रु.१000000/-
७.	मिनी क्यासिनो	रु.७00000/-	रु.७00000/-	रु.७00000/-

खण्ड (ग) मेला/महोत्सव/कन्सर्टमा लाग्ने मनोरञ्जन करः

१. सर्कस, खेल, मेला, जादु, चटके वा विभिन्न प्रर्दशनीमा टिकट व्यवस्था भएकोमा टिकट मूल्यको पाँच प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछ।

क्र.सं.	विवरण	कार्यक्रम	जिल्लाको वर्ग अनुसार करको दर (रू.मा)		
			क वर्ग	ख वर्ग	ग वर्ग
१.	सर्कस, खेल, मेला, जादु, चटके लगायत	१ दिनसम्मको	७,०००/-	४०००/-	२०००/-
		३ दिनसम्मको	१८०००/-	१००००/-	५०००/-
		५ दिनसम्मको	३००००/-	१८०००/-	८०००/-
		७ दिनसम्मको	४२०००/-	२५०००/-	१२०००/-
		८ दिनदेखि १५ दिनसम्मको	७५०००/-	४००००/-	२००००/-
		१६ दिनदेखि ३० दिनसम्मको	१०००००/-	६००००/-	३००००/-

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि देहाय बमोजिम जिल्लाको वर्गीकरण गरिएको छः

"क" वर्गमा पर्ने जिल्लाहरूः नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया।

"ख" वर्गमा पर्ने जिल्लाहरूः पाल्पा, गुल्मी, अर्घाखाँची र प्युठान।

"ग" वर्गमा पर्ने जिल्लाहरूः रोल्पा र रूकुम (पूर्व)।

२. तीस दिनभन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नु पर्नेछ।

३. टेलिभिजन केवल नेटवर्कको हकमा शुल्कको एक प्रतिशत र डिस टेलिभिजन तथा इन्टरनेटबाट संचालन हुने टेलिभिजनको हकमा रिचार्ज वा शुल्क रकमको दुई प्रतिशतका दरले कर लाग्नेछ।

४. एक स्थानीय तहभन्दा बढी स्थानीय तहमा केवलकार, स्काइ साइक्लिङ लगायतका मनोरञ्जनात्क सेवा तथा क्रियाकलाप सञ्चालन भएको हकमा प्रवेश बिन्दु वा टिकटको व्यवस्था रहेको स्थानीय तहले मनोरञ्जन कर सङ्कलन गरी त्यस्ता स्थानीय तहबीचमा करको रकम बाँडफाँट सम्बन्धी कुनै सम्झौता वा करार भएको हकमा सोही बमोजिम र त्यस्तो सम्झौता वा करार नभएको हकमा साठी प्रतिशत रकम त्यस्ता स्थानीय तहहरुबीचमा समान अनुपातमा बाँडफाँट गर्नु पर्नेछ र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

अनुसूची-४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

कृषि आय (खुद)मा कर

क्र.सं.	आयको वर्गीकरण	करको दर
१.	घोषित आय रू. ६,००,०००/- सम्म	छुट
२.	घोषित आय रू. ६,००,०००/- भन्दा माथि रू. १०,००,०००/- सम्म	१%
३.	घोषित आय रू. १०,००,०००/- भन्दा माथि रू. १५,००,०००/- सम्म	२%
४.	घोषित आय रू. १५,००,०००/- भन्दा माथि	३%

अनुसूची-५
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

पर्यटन व्यवसाय दर्ता शुल्क, नवीकरण शुल्क तथा पर्यटकीय स्थल प्रवेश शुल्क

क) पर्यटकस्तरको होटल, आवास, लज, रेष्टुरा तथा रिसोर्ट, पप वा वार दर्ता तथा नवीकरण शुल्कः

१. पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः

सिन.	होटेलको किसिम	दर्ता शुल्क रु.	नवीकरण शुल्क रु.				
			म्यादभित्र	म्याद नाघेको			
				पहिलो तीन महिनासम्म	तीन देखि छ महिनासम्म	छ महिना देखि नौ महिना सम्म	नौ महिना देखि एक वर्षसम्म
१.	साधारण होटेल	५०००/-	५०००/-	नलाग्ने	२५%	५०%	७५%
२.	पर्यटक आवास (साधारण) वा एक तारे होटेल	१००००/-	१००००/-	नलाग्ने	२५%	५०%	७५%

३.	दुई तारे होटेल	२००००/-	२००००/-	नलाग्ने	२५%	५०%	७५%
४.	तीन तारे होटेल	३००००/-	३००००/-	नलाग्ने	२५%	५०%	७५%
५.	पर्यटक आवास (डिलक्स)	४००००/-	४००००/-	नलाग्ने	२५%	५०%	७५%
६.	लज, रेष्टुराँ तथा रिसोर्ट, पव वा वार	५०००/-	५०००/-	नलाग्ने	२५%	५०%	७५%
७.	डान्सवार, मोटल, साउना, ज्याकुजी सेन्टर, स्पा, जीमक्लव, स्वीमिङ्ग पुल, हेल्थ क्लव, नाइट क्लव	५०००/-	५०००/-	नलाग्ने	२५%	५०%	७५%
८.	कफिसप	२०००/-	२०००/-	नलाग्ने	२५%	५०%	७५%
९	प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका तर नवीकरण हुन नसकेका सि.नं. १ र २ मा उल्लिखित होटेल व्यवसाय संवत् २०८२ पुसमसान्त भित्र नवीकरण गर्न आएमा आर्थिक वर्ष						

	२०८१/०८२ सम्मको नवीकरण शुल्कमा लाग्ने जरिबानाको पचहत्तर प्रतिशत छुट दिई नवीकरण गरिनेछ।
द्रष्टव्य: १. नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रतिवर्ष शत प्रतिशतका दरले नवीकरण शुल्क लाग्नेछ। २. आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गर्नु पर्नेछ।	

(ख) एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्क:

सि.नं.	एजेन्सीको किसिम	इजाजत शुल्क रु.	नवीकरण शुल्क रु.				
			म्यादभित्र	म्याद नाघेको			
				तीन महिनासम्म	तीन महिनादेखि छ महिनासम्म	छ देखि नौ महिनासम्म	नौ महिनादेखि एक वर्षसम्म
१.	साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी	२५०००/-	२५०००/-	नलाग्ने	२५%	५०%	७५%

२.	ट्रेकिङ्ग एजेन्सी	२५०००/-	२५०००/-	नलाग्ने	२५%	५०%	७५%
३.	ट्राभल एजेन्सी	२५०००/-	२५०००/-	नलाग्ने	२५%	५०%	७५%
४.	पर्यटक यातायत	२५०००/-	२५०००/-	नलाग्ने	२५%	५०%	७५%
द्रष्टव्यः नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रति वर्ष शत प्रतिशतका दरले नवीकरण शुल्क लाग्नेछ।							

(ग) साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापका लागि वार्षिक इजाजत शुल्कः

सि.नं.	क्रियाकलाप	वार्षिक इजाजत शुल्क रु.
१.	स्कीईङ्ग	२००००/-
२.	वन्जी जम्प	३००००/-
३.	जीप फ्लायर	३००००/-
४.	क्यानोनिङ	३००००/-
५.	क्यानोपि वाकिङ्ग	१५०००/-

६.	अन्य साहसिक गतिविधि	४०००० /-

दृष्टव्यः सि.नं. ६ को हकमा साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा कार्यालय वा प्रदेश सरकारको पर्यटन हेर्ने मन्त्रालयले तोकेको निकायले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

(घ)मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः

सि.नं.	क्रियाकलाप	दर्ता शुल्क रु.	वार्षिक नवीकरण शुल्क रु.
१.	केवलकार प्रति डब्बा	७००० /-	३००० /-
२.	एम्युज्मेन्ट पार्क वा फन पार्क	२०००० /-	४००० /-
३.	अन्य पार्क	१५००० /-	३००० /-
४.	चिल्ड्रेन पार्क, सर्कस, फुटसल, पिकनिक स्पट	१०००० /-	३००० /-

(ङ) पर्यटन पथप्रदर्शकको इजाजत तथा नवीकरण शुल्कः

(अ) इजाजत शुल्कः

सि.नं.	किसिम	शुल्क रु.
१.	रिभर गाइड	२000/-
२.	पथ प्रदर्शकट्रेकिङ्ग गाइड/	२000/-
३.	ट्रेकिङ्ग पोर्टर गाइड	२000/-
४.	अन्य गाइड	२000/-

(आ) इजाजतपत्र नवीकरण शुल्कः

सि.नं.	किसिम	नवीकरण शुल्क रु.
१.	इजाजतको म्याद समाप्त हुनु अगावै	२000/-
२.	म्याद समाप्त भए पछिको तीन महिनासम्म	२५00/-
३.	म्याद समाप्त भए पछिको छ महिनासम्म	३000/-
४.	म्याद समाप्त भए पछिको एक वर्षसम्म र प्रति वर्ष थप	४000/-

२. प्रदेश सरकारको स्वामित्वमा रहेका पर्यटकीय स्थलको प्रवेश शुल्कमा प्रति टिकट पाँच प्रतिशतका दरले पर्यटन शुल्क लगाई असुल गरिनेछ।

अनुसूची-६

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्क

क्र.सं.	विवरण	इकाइ	दर	
			तराईका जिल्लाहरू	पहाडका जिल्लाहरू
१.	ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट	प्रति क्यूव फिट	रू. ८/-	रू. ६/-
२.	भस्कट	प्रति क्यूव फिट	रू. ४/-	रू. ३/-
३.	माटो साधारण (निजी जग्गाको समेत)	प्रति क्यूव फिट	रू. ३/-	रू. २/-
४.	इटा पार्ने माटो (निजी जग्गाको समेत)	प्रति क्यूव फिट	रू. ४/-	रू. ३/-
५.	दहत्तर बहत्तर	प्रति के.जी.	रू. २/-	रू. १/-

(क) यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भए तापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको बिक्री गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेट बमोजिम गर्नु पर्नेछ।

(ख) यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भए तापनि अर्को प्रदेशसँग सीमा जोडिएका स्थानीय तहबाट नदीजन्य प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्रीबाट प्राप्त हुने शुल्क सम्बन्धित प्रदेश सरकारले तोकेको दररेटसँग सामञ्जस्यता हुने गरी प्रदेश सरकारले हेरफेर गर्न सक्नेछ।

(ग) यस अनुसूची बमोजिमका प्राकृतिक स्रोत (स्वीकृत खानीक्षेत्र बाहेक) कुनै व्यक्तिको निजी स्वामित्वको जग्गाबाट बिक्री गर्दा जग्गा धनीले नै बिक्री गर्ने परिमाण यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ। त्यसउपर सम्बन्धित स्थानीय तहको तोकिएको दररेट बमोजिम वार्षिक वा आवधिक रूपमा एकमुष्ट शुल्क लिने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) निजी स्वामित्वमा रहेको जग्गाको प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्दा साँध सीमानामा पर्ने जग्गाधनीको लिखित स्वीकृति हुनुपर्नेछ। यस्तो कार्यगर्दा भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवनलगायतका संरचना, सडक, कुलो, नहर, साँध आदिमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।

(ङ) प्रदेशभित्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै निकायको ठेक्का प्राप्त गरी पूर्वाधार निर्माण तथा मर्मत सम्भार लगायतका कार्य गर्दा आयोजना स्थलबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट लगायतका प्राकृतिक स्रोतको हकमा आयोजनाको ठेक्का सम्झौता वा स्थानीय तहसँगको सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ।

तर त्यस्तो ठेक्का सम्झौतामा उल्लेख नभएको वा सम्झौता नभएको हकमा सम्बन्धित स्थानीय तहले यस ऐन बमोजिम आयोजना स्थलबाट प्राप्त प्राकृतिक स्रोतको बिक्री गरी प्राप्त हुने शुल्क स्थानीय तहको विभाज्य कोषमा दाखिला गरी यस ऐन बमोजिम बाँडफाँट गर्नु पर्नेछ।

अनुसूची-७

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

माटो ,ढुङ्गा, गिट्टी ,बालुवा, स्लेट ,चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन् , सङ्कलन र प्रशोधन वा बिक्री वितरणमा यस ऐनको उल्लङ्घन गरेमा लाग्ने जरिबाना

सि.नं.	उल्लङ्घनको किसिम	जरिबाना
१.	नदीको बहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन वा साधनको)	
	क. मेशिन स्काभेटर व्याक हो लोडर	रु.३५०००/-
	ख. ट्रिपर वा ट्रक	रु.२००००/-
	ग. मिनी ट्रक	रु.१५०००/-
	घ. ट्याक्टर	रु.१००००/-
२.	अनुमति बिना मेशिनरी औजार प्रयोग गरी उत्खनन् सङ्कलन गरेको पाइएमा (प्रति मेशिन वा साधनको)	रु.२५०००/-
३.	तोकिएकोभन्दा बढी गहिराइमा उत्खनन् गरेमा (प्रति घन मिटर)	रु.२०००/-

४.	तोकिएकोभन्दा बढी सङख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन)	रु.२५०००/-
५.	बिहान ६ बजेअघि र बेलुकी ६ बजे पश्चात उत्खनन् वा सङ्कलन कार्य गरेमा	सि.नं. १ अनुसार
६.	नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन)	रु.२००००/-
७.	निषेधित क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा	उत्खनन् वा सङ्कलन गरेको सामग्री जफत गरी रु.५००००/-
८.	राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा सङ्कलन गरेमा	एकमुष्ठ रु.३००००।- र प्रति घन फिट रु.१७।- थप जरिबाना
९.	सि.नं .१ देखि ८ सम्मको कसुर पुनः दोहोऱ्याएमा	तोकिएको जरिबाना र सो बराबरको थप जरिबाना
१०.	निषेधित महिनामा उत्खनन् वा सङ्कलन गरेमा	१. उत्खनन् वा सङ्कलन गरेको सामग्री जफत गरी प्रति घन मिटर रु.२०००।- २. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटकको दोब्बर जरिबाना

११.	पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा	१ .ढुवानी साधनको क्षमता अनुसार प्रति घन मिटर रु.१०००/- २ .एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक अघिल्लो पटकको दोब्बर जरिबाना
१२.	प्रत्येक पटकको ढुवानीमा राजस्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा)	१. सवारी साधनको क्षमता अनुसार सवारीको प्रतिघनमिटर क्षमतामा रु. १०००।- २.एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक अघिल्लो पटकको दोब्बर जरिबाना
१३.	प्रशोधित ढुङ्गा, गिट्टी, वालुवा, धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै मूल्य अभिवृद्धि कर बिजक तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा	१. सवारी साधनको क्षमता अनुसार सवारीको प्रतिघनमिटर क्षमतामा रु. १०००।- २ .एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक अघिल्लो पटकको दोब्बर जरिबाना
१४.	निजी जग्गाको अप्रशोधित सामग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमति पत्र, प्रत्येक पटकको चलान	१ .सवारी साधनको क्षमता अनुसार सवारीको प्रतिघनमिटर क्षमतामा रु. २०००।- २.एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक

	पुर्जा र राजस्व तिरेको निस्सा साथमा नभेटिएमा	अघिल्लो पटकको दोब्बर जरिबाना
१५.	प्रचलित कानुनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा	१. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००।- २. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक अघिल्लो पटकको दोब्बर जरिबाना
१६.	रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा संख्यामा ढुवानी गरेमा	१. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००।- २. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक अघिल्लो पटकको दोब्बर जरिबाना
१७.	जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्री परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिबाना (प्रति घनफिट)	रु. १७/-
१८.	खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा चलान पुर्जाबिना ढुवानी	१. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००/-

	गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा	२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक अघिल्लो पटकको दोब्बर जरिबाना
१९.	नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानुन वा मापदण्ड विपरीत क्रशिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा (वार्षिक जरिबाना)	ठूला उद्योग रु.१०००००/-
		मझौला उद्योग रु.५००००/-
		साना उद्योग रु.२००००/-
२०.	कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा (वार्षिक)	रु.१०००००/-
२१.	सम्बन्धित निकायवाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा (वार्षिक)	ठूला उद्योग रु.१०००००/-
		मझौला उद्योग रु.५००००/-
		साना उद्योग रु.२००००/-
२२.	इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा (वार्षिक)	ठूला उद्योग रु.५००००/-
		मझौला उद्योग रु.३००००/-
		साना उद्योग रु.१००००/-

अनुसूची-८
(दफा १० सँग सम्बन्धित)
वातावरणीय सेवा शुल्क

क्र.सं.	विवरण	एकाइ	शुल्क रु.
१.	मदिराजन्य पदार्थको लागि प्रयोग हुने प्लाष्टिक बोतल	प्रति थान	०.०५
२.	हल्का पेय पदार्थमा प्रयोग हुने प्लाष्टिक बोतल/पाउच	प्रति थान	०.०५
३.	सुर्ती तथा गुट्खाजन्य पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लाष्टिक पाउच/र्‍यापर	प्रति थान	०.०५
४.	फास्टफुड (चाउचाउ, बिस्कुट आदि) प्याकेजिङ्गमा प्रयोग हुने पाउच/र्‍यापर/बट्टा	प्रति थान	०.०५
५.	खाद्य तथा पेय पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लाष्टिक बोतल/पाउच/र्‍यापर/बट्टा	प्रति थान	०.०५
६.	खाद्य तथा पेय पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लाष्टिक जार	प्रति थान	०.१०

अनुसूची-९
(दफा १५ सँग सम्बन्धित)
सेवा शुल्क

क्र.सं.	नगद अनुदानको वर्गीकरण	करको दर
१.	नगद अनुदान रू. १,००,०००/- सम्म	छुट
२.	नगद अनुदान रू. १,००,०००/- भन्दा माथि रू. २,००,०००/- सम्म	१%
३.	नगद अनुदान रू. २,००,०००/- भन्दा माथि रू. ५,००,०००/- सम्म	२%
४.	नगद अनुदान रू. ५,००,०००/- भन्दा माथि रू. १०,००,०००/- सम्म	३%
५.	नगद अनुदान रू.१० लाख भन्दा माथिको जुनसुकै रकममा ३.५% का दरले कर लाग्नेछ।	
स्पष्टिकरण: ब्याजमा दिइने अनुदानको हकमा सेवा शुल्क लाग्ने छैन।		

प्रमाणीकरण मितिः २०८२।०३।२५

आज्ञाले,
लिलाधर सुवेदी
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. ६०।-